# सार्वजनिक विद्यालयको कक्षा शिक्षणका दण्डको स्थिती

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन
विभाग अर्न्तगत स्नातकोत्तर तह द्वितीय वर्ष (कोर्ष नं. ५९८) को
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र


शोधकर्ता

मदन कुमार मण्डल

क्याम्पस क्रमाङ्क : १४०/०६६

परीक्षा क्रमाङ्क : १३०१८२/२०६७

त्रि.वि.दर्ता नं. :९-२-२२९-७६-९७


श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहा

२०७२

त्रिभुवन विश्वविद्यालय
☎ ०३३-५२०३७८
०३३-५२००८२

**श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस, सिरहा**

पत्र संख्या :-
चलानी नं. :-
मिति

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, श्री सुर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पस सिरहा, स्नातकोत्तर तह दोस्रो बर्षको पाठ्यक्रम तथा मुल्याङ्कन मुल विषयका छात्र मदन कुमार मण्डलले उक्त विषयको आंशिक आवश्यक्ता परिपुर्तिको लागि **सार्वजनिक विद्यालयको कक्षा शिक्षणमा दण्डको स्थिती** शिर्षकमा केन्द्रित रहि गरेको शोध अनुसंधान कार्य मेरो प्रत्यक्ष सुपरिवेक्षणमा रहि तयार पारिएको हो । म यस कार्यबाट सन्तुष्ट छु तसर्थ यस सोध अनुसन्धान प्रतिवेदनलाई अन्तिम मुल्याङ्कनका लागि मुल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति :

____________________

शोध निर्देशक

किशोर कुमार साह

त्रिभुवन विश्वविद्यालय

☎ ०३३-५२०३७८
०३३-५२००८२

**श्री सूर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पस, सिरहा**

मिति

पत्र संख्या :-

चलानी नं. :-

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, श्री सुर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पस सिरहा, स्नातकोत्तर तह दोस्रो बर्षको पाठ्यक्रम तथा मुल्याङ्कन मुल विषयका आंशिक आवश्यक्ता परिपुर्तिको लागि **सार्वजनिक विद्यालयको कक्षा शिक्षणमा दण्डको स्थिती** शिर्षकमा केन्द्रित रहि मदन कुमार मण्डलले तयार गरेको शोध पत्र प्रतिवेदनलाई मुल्याङ्कन समितिबाट स्वीकृत प्रदान गरिएको छ ।

| **मुल्यांकन समिति** | | **हस्ताक्षर** |
|---|---|---|
| रामहित यादव | क्याम्पस प्रमुख | .............................. |
| किशोर कुमार साह | शोध निर्देशक | .............................. |
| प्रा. .............................. | बाह्य सुपरिवेक्षक | .............................. |

मिति :

# कृतज्ञाताज्ञापन

प्रस्तुत **सार्वजनिक विद्यालयको कक्षा शिक्षणका दण्डको स्थिती** शीर्षकको शोधपत्रको प्रारम्भा देखि अन्त्य सम्म आफ्नो अमूल्य समय दिइ आवश्यक नीति निर्देशन, सल्लाह सुझाभ एवं प्रेरणा प्रदान गर्नुहुने आदरणीय गुरु पाठ्यक्रम तथा मूल्याङ्कन विभागका शोध निर्देशक जितेन्द्र कुमार यादवज्यूप्रति हृदय देखि नै आभार व्यक्त गर्दछु । यस शोधपत्र तयारीका क्रममा सुझाव एवं स्वीकृति प्रदान गर्नुहुने आदरणीय गुरु विभागीय प्रमुख रामहित यादव ज्यूप्रति हार्दिक कृतज्ञता गर्दछु साथै शोधपत्र तयारी लागि समय समयमा विभिन्न सल्लाह सुझाभ प्रदान गर्नुहुने विभागका अन्य गुरु–गुरुआमाप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यस शोत्रपत्रका लागि आवशयक पर्ने महत्वपूर्ण सूचना तथा जानकारि उपलब्ध गराइ सहयोग पुरयाउने जिल्ला शिक्षा कार्यालय, सिरहा र अध्यायनका लागि छनोटकमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक शिक्षिका, विद्यार्थी तथा अभिभावकहरु लगायत सम्पूर्ण सूचनादाताहरुलाई हार्दिक धन्यवाद प्रकट गर्दछु ।

यस शोत्रपत्रको लागि चाहिने सर्न्दभ सामग्री उपलब्ध गराइ दिने सम्पूर्ण संघ संस्थाहरु तथा यसलाई तयार गर्न विशेष सहयोग पुऱ्याउने शुभचिन्तक तथा साथिहरुलाई धन्यवाद नदिइ रहन सक्दैन ।

अन्त्यमा यस शोत्रपत्रलाई मूर्त रुप दिन शुद्धशुद्धी रुपमा कम्प्युटर टाइप गरीदिने अनुपमा बुक्स एण्ड स्टेशनरी सप्लायर्स का भाई अजय यादवलाई विशेष धन्यवाद दिन चाहन्छु ।

मदन कुमार मण्डल

# शोधसार

*प्राथमिक विद्यालयको कक्षा शिक्षणका दण्डको अवसथा पहिचान गर्ने, दण्डले बालबालिकाहरुको सिकाइमा पारेको असर सम्बन्धी सरोकारवालाहरुको धारणा पत्ता लगाउने तथा दण्डले उत्पन्न गराएका समस्याह्रुको खोजी गर्ने उद्द्यश्यले यो अध्ययन गरिएको थियो । उपर्युक्त उद्देशय पूरा गर्नका लागि सिरहा जिल्लाको रामनगर मिर्चैया भित्र रहेका सामूदायिक प्राथमिक विद्यालयहरुमध्ये ३ वटा विद्यालयलाई उद्देशयात्मक नमुना छनोट प्रक्रिया अनुरुप छनोट गरिएको थियो । छनैटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यार्थी र अभिभावकहरुसँग अन्तर्वार्ता तथा शिक्षकरुसँग प्रशनावली र अप्रत्यक्ष रुपमा प्रत्येक विद्यालयमा ३/३ वटा कक्षा अवलोकन गरी विभिन्न सूचना एवं जानकारीहरु संकलन गरिएको थियो । त्यसैगरी सूचनाको साहायक स्रोतको रुपमा विभिन्न पत्रपत्रिकामा छापिएका लेख, घटना तथा पुस्तकलाई लिएको थियो ।*

*यस अध्ययाका लागि छनैटमा परेका विद्यालयका सवै शिक्षकहरुले कुनै न कुनै रुपमा विभिन्न किसिमका दण्डहरुको प्रयोग गरेको पाइएको थियो । विद्यालयमा बालबालिकालाई अनुशासित बनाउन ,कक्षाकोठा नियन्त्रित गर्न, पढाइमा ध्यान केन्द्रित गराउन तथा बानी व्यहोरामा सुधार गर्ने बहानामा दुई किसिमका दण्डको प्रयोग गरिएको पाइएको थियो । पहिलो शारीरिक दण्डहरु (लठ्ठि तथा हातले शरीरका विभिन्न भागमा पिट्ने मुर्गा बनाउने, उठसबस लगाउने काम तान्ने रौं उखेल्ने आदि) भने दोस्रो मनेवैज्ञानिक सजायहरु ( होच्याएर गाली गर्ने विभिन्न जनावरका नाम दिइ गाली गर्ने जस्तै गधा,बाँदर कुकुर आदि, पिट्ने धम्की दिने कक्षाबाट बाहिर निकाल्ने, जिस्काउने, काले, फुच्ची, अन्धा, बाहिरा भनि गाली गर्ने आदि) रहेका थिए । यि दुई किसिमका दण्ड मध्ये कसैले शारीरिक दण्डको प्रयोग बढी गरेको भने कसैले मनेवैज्ञानिक किसिम दण्डको प्रयोग बढी गरेको पाइयो । यसैगरी केही अप्रत्यक्ष तथा प्रणालीगत सजायहरु पनि बालबालिकाहरुले पाएको देखियो जस्तै शिक्षण भाषा, कोठाकोठा व्यवस्थापन, शिक्षक तालिम अभाव, सामाग्री आदिको अभाव ।*

*यसैगरी बालबालिकाहरुलाई दिइने दण्डले उनीहरुको सिकाइमा सकारात्मक तथा नकारात्मक दुवै किसिमको असर परेको प्रतिक्रिया सरोकारवालाले दिएका पाइयो ।*

सकारात्मा असरमा बानी व्यहोरामा सुधार आएको, पढाइमा ध्यान केन्द्रित गरेको आदि जस्ता छन भने नाकारातमक असरमा विद्यालयमा उपस्थिति न्यून हुने, कक्षामा निस्कृय हुने, शिक्षकसँग डराउने आदि रहेका थिए । बालबालिकाहरुलाइ दण्द दिदा विभिन्न किसिमका समस्याहरु आउने गरेको कुरा सरोकारवालाहरुले बताइएका थिए । दण्ड दिदा चोट पटक लगदा आउने समस्याहरु विद्यालयमा कम उपस्थित हुने तथा छोड्ने समस्या, पढाइप्रति उत्साहित नहुने, आफु भन्दा ठुला तथा शिक्षकको आदर नगर्ने जस्ता रहेको बताएको पाइयो ।

विद्यालयमा बालबालिकहरुलाई दण्डको बारेमा प्रधानाध्यापक शिक्षकहरु तथा अभिभावकहरुले यो एक अनुचित मार्ग हो । यसले बालवालिकाहरुको बिभिन्न पक्षको बिकासमा नराम्रो असर पर्ने गर्दछ त्यसैले शिक्षण गर्दा यसको प्रयोग गर्नु हुदैन । यधपि सुधारात्मक तथा सचेततात्मक असर पुरयाउने भएकाले प्रयोग गर्न सकिने भए पनि शारीरिक दण्डको आवश्यकता नभएको प्रतिक्रिया सरोकारवालाहरुले व्यक्त गरेका थिए ।

दण्ड न्यूनीकरण गर्न प्रधानाध्यापक शिक्षक थुप्रै प्रयास गरेको तथा न्यूनिकरण गर्ने योजन रहेको बताए भने अभिभावकहरुले यस सम्बन्धी विद्यालयमा गुनासा गरेको र अगाामी दिनमा सचेत हुने प्रतिक्रिया रहेको पाइयो ।

अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा केही सुझावहरु प्रस्तुत गरिएको छ । शिक्षकले दण्डलाई निरुत्साहित गर्न बालबालिकाको मनेभावना बुझि शिक्षण गर्नुपर्ने, दण्डलाई निरुत्साहित गर्न योग्य शिक्षकको व्यवस्था हुनु पर्ने तथा शिक्षक तालिमको वयवस्था हुनुपर्ने, शिक्षकको कक्षा शिक्षण अनुगमन गर्ने वयवस्था हुनु पर्ने, अभिभावकहरुले आफ्ना बच्चाले विद्यालयमा पाएको व्यवहारप्रति सचेत हुनुपर्ने, राज्यले विद्यालयमा दिइने शारीरिक दण्डलाई प्रतिबन्ध लगाउनु पर्ने अदि रहेका छन् ।

# बिषय सूची


सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञताज्ञापन iii

शोधसार iv-v

**अध्याय एक**

**परिचय** १-१३

१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन ८

१.३ अध्ययनको उद्देश्य १०

१.४ अध्ययनको औचित्य १०

१.५ अध्ययनको सिमाङ्कन १२

१.६ विशेष शब्दावालीहरुको परिभाषा १२

**अध्याय दुई**

**पूर्व साहितत्यको समीक्षा** १४-२०

२.१ सम्बन्धित पूर्व साहित्यको सैद्धान्तिक समीक्षा १४

२.२ सम्बन्धित अध्ययन प्रतिवेदनको समीक्षा १६

२.३ अध्ययनको अवधारणात्मक ढाँचा २०

**अध्याय तीन**

**अध्ययन विधि** २१-२५

३.१ अनुसन्धानात्मक ढाँचा २१

३.२ नमूना छनोट २२

३.३ सूचना संकलनका साधनहरु २३

३.४ साधनहरुको वैधता निर्माण २४

३.५ सूचना संकलन विधि २४

३.६ सूचनाको विश्लेषण र व्याख्या विधि २५

## अध्याय चार

## सूचनाको विश्लेषण र व्याख्या

२६-४१

४.१ प्राथमिक विद्यालयमा दण्डको अवस्था २६

४.२ दण्डले सिकाइमा परेको असर सम्बन्धी धारणा ३३

४.३ दण्डले उत्पन्न गाराएका समस्याहरु ३६

४.४ दण्ड न्यूनीकरणका लागि गरिएका प्रयासहरु ३८

४.५ दण्डको आवशयकता सम्बन्धी धारणाहरु ३९

## अध्याय पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

४२-४७

५.१ प्राप्ति ४२

५.२ निष्कर्ष ४४

५.३ सुझावहरु ४६

**सन्दर्भसामग्रीहरु**

**अनुसूचीहरु**